**सानिमा विकास बैंक लिमिटेडको**
**मिति : २०६६, पौष ०२ गते विहीबारका दिन**
**सम्पन्न भएको पाचौ वार्षिक साधारण सभाको**
**विवरण (माईन्यूट)**

सानिमा विकास बैंक लिमिटेडको पांचौ बार्षिक साधारण सभा विकास बैंकका सञ्चालक समितिका अध्यक्ष श्री बद्री प्रसाद ओझाको अध्यक्षतामा मिति २०६६ साल पौष २ गते (ई.सं.२००९ डिसेम्बर १७) विहीवारका दिन राष्ट्रिय सभागृह, प्रदर्शनिमार्ग, काठमाण्डौमा विहान ११:०० बजे बसी पूर्व निर्धारित बिषय उपर छलफल गरी निम्न निर्णय भयो ।

१. **सभाको सूचना**

संचालक समितिको मिति २०६६ साल मार्ग १ गते बसेको १०१ औ बैठकबाट पाचौ बार्षिक साधारण सभा २०६६ साल पौष २ गते राष्ट्रिय सभागृह, प्रदर्शनिमार्ग काठमाण्डौमा बस्ने भनि निर्णय भए अनुसार साधारण सभाको सूचना मिति २०६६ साल मार्ग १० गते कान्तिपुर दैनिक र मार्ग ११ गते अन्नपूर्णपोष्ट दैनिकमा प्रकाशित गरी सेयरधनीमहानुभावहरूलाई सार्वजनिक सूचना मार्फत २ पटक सभावारे जानकारी गराउनुको साथै सेयरधनीहरुको बैंकमा उपलब्ध ठेगानामा पत्रवाट समेत जानकारी गराइएको थियो ।

२. **छलफलका विषयहरु**

क. **सामान्य प्रस्ताव :**

१. अध्यक्षको मन्तब्य तथा पांचौ वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०६६ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६५/०६६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६६/०६७ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारीश्रमिक अनुमोदन गर्ने । (हाल वहालवाला लेखापरीक्षक श्री टी.आर.उपाध्याय, टी.आर.उपाध्याय एण्ड कं.पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)
४. संस्थापक समूहवाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकहरुको निर्वाचन गर्ने ।

ख. **विशेष प्रस्ताव :**

१. विकास बैंकको स्तरोन्नती गरी बाणिज्य बैंक ("क" बर्ग) मा परिणत गर्ने सम्बन्धि प्रस्ताव पारीत गर्ने । बाणिज्य बैंकमा स्तरोन्नती गर्नका लागि प्रबन्धपत्र/नियमावली संशोधन लगायत गर्नु पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।
२. अधिकृत तथा जारी पूंजी वृद्धि गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५(पाँच) प्रतिशतका दरले वोनस शेयर र रु.२०,२१,०५३/- नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्न निर्णय पारीत गर्ने ।
४. वोनस शेयर जारी गरे पश्चात् १:१.५ को अनुपातमा हकप्रद शेयर जारी गरी चुक्ता पूँजी बढाउने ।
५. प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
६. प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकाय(हरु) वाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने ।

ग. विविध :

३. उपस्थिति :

क. सभामा उपस्थित सञ्चालकहरुः
१. श्री बद्रीप्रसाद ओझा - अध्यक्ष
२. श्री अरुण कुमार ओझा - सञ्चालक
३. श्री टेकराज निरौला - सञ्चालक
४. श्री दिलीप श्रेष्ठ - सञ्चालक
५. श्री पंकज अधिकारी - सञ्चालक
६. श्री शाम्वा लामा - सञ्चालक
७. श्री भरत कुमार पोखरेल - सञ्चालक

ख. पदाधिकारीहरु :
१. श्री कुमार लम्साल - प्रमूख कार्यकारी अधिकृत
२. श्री रुद्र प्रसाद बन्जारा - कम्पनी सचिव

ग. आमन्त्रित प्रतिनिधिहरु :
१. श्री सीता काफ्ले वाग्ले, प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय
२. श्री निरन्जय घिमीरे, प्रतिनिधि, नेपाल धितोपत्र वोर्ड
३. श्री तनुजा अर्याल, नेपाल स्टक एक्सचेन्ज लिमिटेड
४. श्री माधव बांस्कोटा , कानूनी सल्लाहकार
५ श्री मनिष उप्रेती, प्रतिनिधि, टी.आर.उपाध्याय एण्ड कम्पनी, लेखापरीक्षक
६. श्री दिव्य आचार्य, प्रतिनिधि, सिएसी. एण्ड कम्पनी, आन्तरीक लेखापरीक्षक .
७. श्री बद्री विशाल घिमिरे, निर्वाचन अधिकृत

४. गणपुरक संख्या तथा शेयरधनीको उपस्थिति :

गणपूरक संख्या पुग्नको लागि बैंकको नियमावलीको नियम ११ बमोजिम कूल सेयर संख्याको ५० प्रतिशत भन्दा माथि शेयरको प्रतिनिधित्व हुनु पर्नेमा कुल सेयर संख्याको ७१.७५ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि पर्याप्त मात्रामा गणपूरक संख्या पुगेको ठहर गरियो । सभामा १९४ जना शेयरधनीहरु स्वयम उपस्थिति रहेको पाइयो । तत्पश्चात पाचौ बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दै कम्पनी सचिवले संचालक समितिका अध्यक्ष, संचालकहरु तथा आमन्त्रित प्रतिनिधिहरुलाई आसन ग्रहण गर्न अनुरोध गरे पश्चात सभाको अध्यक्षता ग्रहण गर्न विकास बैंकका अध्यक्ष श्री बद्री प्रसाद ओझालाई अनुरोध गर्नु भयो र अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नु भयो ।

५. सभाको प्रारम्भः

गणपुरक संख्या पुगेको हुदा कम्पनी सचिवले सभाको सुरुवात गर्न सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६. प्रतिवेदन प्रस्तुतः

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा अध्यक्षले सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फवाट आ.व.२०६५/०६६ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो ।

७. अध्यक्षवाट प्रस्तुत बार्षिक प्रतिवेदन उपर निम्न शेयरधनीमहानुभावहरूले आ-आफ्नो मन्तव्य, राय, सुझाव, एवम जिज्ञासा राख्नु भएको थियो । शेयरधनीहरुले राख्नु भएको जिज्ञासाको प्रत्युत्तरमा संचालक समितिको तर्फवाट अध्यक्षवाट दिइएको जवाफ निम्नानुसार रहेको छ् ।

१. **शेयरधनी श्री दिनेश राज पन्तको मन्तव्य, सुझावः-**
वाणिज्य वैंकमा परिणत गर्न लाग्नु भएकोमा धन्यवाद दिदै शेयरधनीलाई ५% वोनस शेयर दिएकोमा सो शेयर कम देखिए पनि अगामी वर्षमा वढ्ने आशा व्यक्त गर्नु भयो । आगामी बर्षमा शेयरधनीको उपस्थिति पुस्तिका साधारण सभा चालु भए सम्म राख्न, प्रवेश पत्रमा कम्पनी सचिवको दस्तखत राख्न सुझाव दिनु भयो । अध्यक्षको प्रतिवेदनमा शाखा खोल्ने कुरा उल्लेख भएकोमा उक्त शाखाहरु खुल्ने स्थान उल्लेख भएको भए राम्रो हुने बिचार व्यक्त गर्नु भयो । कर्मचारीलाई पनि वैठक भत्ता दिने व्यवस्था गर्न सुझाव दिनु भयो ।

**अध्यक्षको प्रत्युत्तर :**
सुझावहरु सकारात्मक र राम्रा रहेको बिचार व्यक्त गर्दै सुझावको लागि धन्यवाद प्रदान गर्नु भयो ।

२. **शेयरधनी श्री अमृतनाथ रेग्मीको मन्तव्य, सुझावः**

विकास वैंकहरु मध्येमा चुक्ता पुँजी बढी भएको, निक्षेपमा राम्रै अवस्थामा रहेको बिचार व्यक्त गर्दै फर्दर शेयर इस्यूको व्यवस्था गर्न, अधिकृत पूंजी ५ अर्ब राख्न सुझाव दिनु भयो । साथै बैंकले नया खालको सेवा दिने व्यवस्था गर्न सुझाव राख्नु भयो । शाखा खोल्दा प्रत्येक शाखा नाफा कमाउने हुनु पर्ने बिचार राख्नु भयो ।

**अध्यक्षको प्रत्युत्तर :**
प्रत्येक शाखा नाफा कमाउने हुनुपर्ने सुझावलाई गम्भीरताका साथ लिएको जानकारी गराउदै सुझावको लागि धन्यवाद प्रदान गर्नु भयो ।

३. **शेयरधनी श्री व्यास कुमार शर्माको मन्तव्य, सुझावः-**
समयमा प्रतिवेदन पुगेकोमा धन्यवाद दिदै वार्षिक प्रतिवेदन आकर्षक र स्तरीय रहेको, प्रतिष्ठित कम्पनीवाट लेखापरीक्षण भएकोमा विश्वसनियता रहेको बिचार व्यक्त गर्नु भयो । तोकिएको समयमा साधारण सभा गर्नु राम्रो पक्ष भएको बिचार राख्दै डेविट कार्ड भारत भरी प्रयोग गर्न पाउनु सराह्नीय भएको धारणा राख्नु भयो । बैंकका अधिकांस सुचकांकहरु सकारात्मक रहेकोमा धन्यवाद दिदै Loan Portfolio Management राम्रो रहेको धारणा राख्नु भयो । Quality Lending, Portfolio Management, नाफाको स्तर वृद्धि गर्न तर्फ ध्यान दिन सुझाव दिदै अगामी वर्षमा प्रतिष्ठित वैंकको सूचीमा रहने आशा व्यक्त गर्नुभयो ।

**अध्यक्षको प्रत्युत्तर :**
सुझावको लागि धन्यवाद प्रदान गर्नू भयो ।

४. **शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठको मन्तव्य, सुझावः-**
आगामी बर्षमा अध्यक्षको मन्तव्य तथा प्रवेशपत्रमा कम्पनी सचिवको सहि राख्न सुझाव दिदै बैंकले प्रगती वढाउदै लैजाओस भन्ने शुभकामना व्यक्त गर्नु भयो । कर्मचारीलाई तालिमको व्यवस्था गरेकोमा राम्रो पक्ष रहेको बिचार राख्दै ५% वोनश शेयर दिएको र बैंकले आफनै भवन वनाएकोमा धन्यवाद दिनु भयो ।

**अध्यक्षको प्रत्युत्तर :**
सुझावको लागि धन्यवाद दिदै सुझावलाई संचालक समिति र व्यवस्थापनले मनन गरेको जानकारी दिनु भयो ।

५. **शेयरधनी श्री शिव प्रसाद शर्माको मन्तव्य, सुझावः-**
हकप्रद शेयर दिएकोमा धन्यवाद दिदै अधिकृत पुँजी वढाउन, नेपाल राष्ट्र बैंकको पत्र जस्ताको त्यस्तै छाप्न सुझाव दिनु भयो । साथै बैंकका कर्मचारीहरुले शेयरधनीहरुसंग सुमधुर सम्वन्ध राख्न सुझाव दिनु भयो । अन्य आम्दानी वढाउन ध्यान दिनु पर्ने बिचार समेत राख्नु भयो ।

**अध्यक्षको प्रत्युत्तर :**

सुझावलाई व्यवस्थापनले गम्भीरताका साथ लिएको जानकारी गराउनु भयो ।

६. **शेयरधनी श्री महेन्द्र बहादुर श्रेष्ठको मन्तव्य, सुझावः-**
शाखा विस्तारमा जोड दिन, शेयरहोल्डर वचत खातामा अन्यलाई भन्दा वढी व्याजदर दिन सुझाव दिनु भयो । NRN द्वारा प्रवद्धित बैंक भएकोले सामाजिक क्षेत्रमा योगदान गर्न, जलविद्युत र उत्पादन मुलक क्षेत्रमा लगानी गर्न सुझाव दिनु भयो । वोनस शेयर दिदा आएको खण्डित शेयरलाई मिलान गर्न ध्यान दिनु पर्ने सुझाव समेत राख्नु भयो ।

**अध्यक्षको प्रत्युत्तर :**
सुझावप्रति धन्यवाद प्रदान गर्दै खण्डित शेयरलाई सम्वन्धित निकायसंग परामर्श गरी टुङ्गो लगाउन प्रयास गरिने जानकारी गराउनु भयो ।

७. संस्थापक समूहका शेयरधनी तथा गैरआवासिय नेपाली संघका निवर्तमान अध्यक्ष **डा.उपेन्द्र महतोले** सभालाई शुभकामना दिदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

८. **सभावाट भएका निर्णयहरुः**

क. **सामान्य प्रस्ताव :**

१. संचालक समितिको आ.व.२०६५/६६ को वार्षिक प्रतिवेदन सभामा छलफल भई उक्त प्रतिवेदन सर्वसम्मतिवाट पारीत गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६५/०६६ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरण माथि छलफल भई सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम यस विकास बैंकको गत आ.व.२०६५/०६६ को लेखापरीक्षण कार्य गर्नु भएका लेखापरीक्षक श्री टी.आर.उपाध्याय, टी.आर.उपाध्याय एण्ड कम्पनीलाई निम्न अनुसार पारिश्रमिक दिने गरि चालू आ.व.२०६६/०६७ को लागि लेखापरीक्षकमा पुनः नियुक्ति गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरियो ।

पारिश्रमिक :

- लेखापरीक्षण कार्य गरे वापत मुल्य अभिवृद्धि कर वाहेक रु.२,११,०००/- (अक्षेरेपी दुई लाख एघार हजार मात्र) दिने गरी पारीश्रमिक अनुमोदन गर्ने निर्णय गरीयो ।
- लेखापरीक्षण कार्यको लागि काठमाण्डौ बाहिर जानु परेमा साझेदार लेखापरीक्षकलाई यस विकास बैंकका महाप्रबन्धक सरहको दैनिक एवम भ्रमण भत्ता र अन्यका हकमा अधिकृत स्तरका कर्मचारी सरहको दैनिक एवम भ्रमण भत्ता उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारीत गरयिो ।

४. समूह “क” का संस्थापक शेयरधनीहरुवाट ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा संस्थापक समूहको तर्फबाट संचालकहरुको निर्वाचनका लागि प्रकाशित निर्वाचन कार्यक्रम

अनुसार निर्वाचित हुनु पर्ने आवश्यक संख्या बराबरको मात्र उम्मेदवारी परी निम्न बमोजिमका संस्थापक शेयरधनीहरु आगामी ४(चार) बर्षका लागि समूह "क" बाट संञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा निर्वाचन अधिकृत श्री बद्री विशाल घिमिरेले सभालाई गराउनु भएकोमा उक्त संचालकको निर्वाचनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसील :

१. श्री टेकराज निरौला

२. श्री अरुण कुमार ओझा

३. श्री जीवनाथ लामिछाने

४. डा.जुगल भूर्तेल

ख. विशेष प्रस्ताव :

१. यस विकास बैंकको स्तरोन्नती गरी माथिल्लो वर्ग ("क" बर्ग) को बैंक (बाणिज्य बैंक) मा परिणत गर्ने सम्बन्धि प्रस्ताब सभामा छलफल गरी सर्वसम्मतिवाट पारीत गर्ने निर्णय गरीयो । माथिल्लो वर्ग ("क" वर्गको बैंक) मा परीणत गर्नको लागि नेपाल राष्ट्र बैंकवाट स्वीकृति लिने लगायत प्रबन्धपत्र/नियमावली संशोधन लगायतका गर्नु पर्ने अन्य सम्पूर्ण कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिवाट पारीत गर्ने निर्णय गरीयो ।

२. यस विकास बैंकलाई स्तरोन्नती गरी माथिल्लो वर्ग ("क" वर्गको बैंक) मा परीणत गर्नको लागि विकास बैंकको अधिकृत तथा जारी पूंजी वृद्धि गर्ने सम्बन्धमा छलफल गरी अधिकृत पूंजी रु.२,१०,००,००,०००/- (दुई अर्ब दश करोड) र जारी पूंजी रु.२,०१,६०,००,०००/- (दुई अर्ब एक करोड साठी लाख ) पुऱ्याउने निर्णय सर्वसम्मतिबाट पारीत गरीयो ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५(पाँच) प्रतिशतका दरले वोनस शेयर र रु.२०,२१,०५३/- नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्न निर्णय पारीत गर्ने सम्बन्धमा सभामा छलफल हुदा निम्न अनुसार गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

क. संचालक समितिवाट प्रस्ताव गरे बमोजिम पांचौ बार्षिक साधारण सभा सम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूजीं रु.७६ करोड ८० लाखमा ५(पांच) प्रतिशत (अर्थात २०:१ को अनुपातमा) वोनस शेयर जारी गरी चुक्ता पूंजी वृद्धि गर्न र कर प्रयोजनको लागि नगद लाभांश रु.२०,२१,०५३/- (अक्षेरेपी बीस लाख एक्काईस हजार त्रीपन्न रुपैया मात्र) वितरण गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

ख. वोनस शेयर जारी गर्दा खण्डित (Fraction)शेयर भएमा सो खण्डित शेयरलाई छुट्टै राखि हकप्रद शेयर जारी गर्दा खण्डित भएको शेयरलाई समेत जोडी माथिल्लो अंकमा परीणत गरी हकप्रद शेयर जारी गरी पूंजीमा समायोजन गर्न वा खण्डित शेयर एक आपसमा बिक्री गर्न वा संचालक समितिले अन्य उपयुक्त प्रकृया अपनाई शेयर जारी गरी पूंजीमा समायोजन गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो । उक्त खण्डित शेयर मिलान गर्दा सम्बन्धित निकायबाट कुनै निर्देशन प्राप्त भएमा सो अनुसार कुनै फेरबदल, थपघट संशोधन लगायत आबश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्न सक्ने गरी सम्पूर्ण अख्तियारी संचालक समितिलाई दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

४. माथिल्लो वर्ग ("क" वर्ग) को बैंकमा परीणत गर्नका लागि वोनस शेयर जारी भई कायम भएको पूंजीमा १:१.५ (अर्थात एक शेयर बराबर एक र आधा शेयर) का दरले सम्वद्ध निकायवाट आबश्यक स्वकिृति लिई हकप्रद शेयर निष्काशन गरी पूंजी वृद्धि गरी समायोजन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

हकप्रद शेयर जारी गर्दा कुनै खण्डित (**Fraction**) शेयर आएमा उक्त खण्डित शेयरलाई पूर्ण (Whole) अंकमा परीणत गरी वा अन्य कुनै उपयुक्त प्रकृया अपनाई शेयर प्रदान गरी प्रस्ताव गरिएको पूंजी संरचनामा मिलाउन संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो । हकप्रद शेयर जारी गर्दा आबश्यकता अनुसार सम्बन्धित निकायहरुवाट स्वीकृति लिनु परेमा लिई उक्त पूंजीमा फेरबदल गर्न, पूंजी समायोजन गर्न, थपघट, संशोधन लगायत आबश्यक पर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो

५. प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव उपर छलफल गरी सानिमा विकास बैंकको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी वृद्धि गर्न, हकप्रद शेयरको हक हस्तान्तरण गर्ने व्यवस्था गर्न समेतको लागि निम्न बमोजिम प्रबन्धपत्र नियमावलीमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

क. प्रवन्धपत्र तर्फ :

- दफा ५(क): विकास बैंकको अधिकृत पूंजी रु.२,१०,००,००,०००/-(रुपिया दुई अर्ब दश करोड मात्र) हुनेछ । उक्त पूंजीलाई रु.१०० का दरका २,१०,००,००० (दुई करोड दश लाख थान) साधारण शेयरमा विभाजन गरिएको छ ।
- दफा ५(ख) : विकास बैंकको जारी पुंजी रु.२,०१,६०,००,०००/- (रुपियाँ दुई अर्ब एक करोड साठी लाख) मात्र हुनेछ । जसलाई रु.१०० का दरका रु.२,०१,६०,०००/- (दुई करोड एक लाख साठी हजार थान) साधारण शेयरमा विभाजन गरिने छ ।
- दफा ५(ग): तत्काल जारी गरीने चुक्ता पूंजी रु.२,०१,६०,००,०००/-(रुपियाँ दुई अर्ब एक करोड साठी लाख) हुनेछ ।
- दफा ६(५): विकास बैंकका संस्थापक शेयरधनीहरुले हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सम्पूर्ण वा आंशिक रुपमा प्रचलित कानूनको अधिनमा रही हस्तान्तरण गर्न सक्नेछन ।
- दफा:६(६): संस्थापकको शेयर नामसारी वा खरीद गरी लिने व्यक्ति वा संस्था संस्थापक समूहमा रहनेछन ।

ख. नियमावली तर्फ :

- नियम ५(१):विकास बैंकको अधिकृत पुंजी रु.२,१०,००,००,०००/-(रुपिया दुई अर्ब दश करोड मात्र) हुनेछ ।
- नियम ५(२) विकास बैंकको जारी पुंजी रु.२,०१,६०,००,०००/-(रुपिया दुई अर्ब एक करोड साठी लाख मात्र) हुनेछ ।
- नियम ५(४) : विकास बैंकले आफ्नो अधिकृत पुंजी मध्ये २,०१,६०,००० (दुई करोड एक लाख साठी हजार) थान साधारण सेयर तत्काल जारी गरेको छ ।

**नियम ९क. : हकप्रद शेयर खरीद गर्न पाउने हक अन्य व्यक्ति वा संगठित संस्थालाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था :**

१. धितोपत्र सम्बन्धि प्रचलित कानूनको अधिनमा रहि साविकका शेयरधनीहरुले हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई सम्पूर्ण वा आंशिक रुपमा हस्तान्तरण गर्न सकिनेछ ।

२. आफ्नो सम्पूर्ण वा आंशिक हकमा मनोनयन गर्दा कुनै एक व्यक्ति वा संगठित संस्थालाई मात्र

मनोनयन गर्न सकिनेछ ।

३. हकप्रद शेयर खरीद गर्न मनोनयन हुने व्यक्तिले शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोवार इकाई अनुसार हुने गरी आवेदन दिनु पर्नेछ ।

४. हकप्रद शेयर खरीद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाईने तर आफ्नो पुरै हक उपभोग गर्नेले अरुको हक समेत मनोनितको रुपमा लिन सकिने छ ।

५. हकप्रद शेयर खरीद गर्न मनोनित हुनेले शेयरको लागि आवेदन गर्दा पहिले लिएको वा पछि प्राप्त गर्ने शेयरको कूल योग नियमनकारी निकायले तोकेको सीमाभन्दा बढी हुने गरी आवेदन गर्न पाईने छैन ।

६. मनोनयन गर्दा आफ्नै समूहमा रहने गरी मनोनयन गर्नु पर्नेछ ।

७. हकप्रद शेयर खरीद गर्न मनोनित भएको व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनु पर्नेछ ।

८. संस्थापक शेयरधनीको शेयर खरिद गर्न मनोनयन हुने व्यक्ति नेपाल राष्ट्र बैंकले तोकेको योग्यता पुगेको हुनु पर्नेछ ।

९. हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा नेपाल राष्ट्र बैंकले तोकेका शर्तहरुको अधिनमा रहि हक हस्तान्तरण गर्न सकिनेछ ।

१०. हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र आफ्नो हक अरुलाई हस्तान्तरण गर्न सकिनेछ ।

६. प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको कुनै व्यक्तिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभाको अन्त्यमा अध्यक्षज्यूले नवनियुक्त संस्थापक संचालकरुलाई हार्दिक बधाई तथा स्वागत गर्दै शेयरधनीमहानुभावहरुको सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा वहाँहरुका साथै सञ्चालक समिति, लेखापरीक्षण समिति, सम्वन्धित निकाय, पदाधिकारी एवम् व्यवस्थापन तथा कर्मचारीवर्गलाई सभा आयोजना कार्यमा आ-आफ्ना ठाउँहरुवाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नु हुदै आगामी दिनमा पनि बैंकको कारोबार संचालन एवम प्रगतिका लागि सवैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राख्दै पाचौ बार्षिक साधारण सभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भई सभाको विर्सजन गर्नु भयो ।

रुद्र प्रसाद बन्जारा
कम्पनी सचिव

बद्री प्रसाद ओझा
अध्यक्ष